**नीजि तथा गैरसरकारी क्षेत्रमा कार्यरत इन्जिनियर/आर्किटेक्टहरुको न्यूनतम पारिश्रमिक निर्धारण संबन्धी अवधारणा पत्र**

**परिचय:**
नेपाल सरकार मातहत निजामति सेवामा कार्यरत कर्मचारीहरुको समय सापेक्ष पारिश्रमिक तथा सेवा सुविधाहरुको संबन्धमा स्पष्ट व्यवस्था रहेको छ । सरकारी सेवामा कार्यरत ईन्जिनियरहरुको हकमा निजहरुले मासिक रुपमा खाइपाई आउने तलव तथा अन्य सेवा सुविधाहरुको तुलनामा नीजि तथा गैरसरकारी क्षेत्रमा कार्यरत इन्जिनियर तथा आर्किटेक्टहरुको पारिश्रमिकका संबन्धमा हालसम्म कुनै नीति तथा नियम बनेको पाईदैन । मुलुकमा ऐतिहासिक राजनैतिक परिवर्तन प्रश्चात संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थालाई संस्थागत गर्ने प्रक्रया अगाडी बढिरहेको वर्तमान अवस्थामा इन्जिनियरहरको पेशागत हकहितको लागी नेपाल इन्जिनियर्स एशोसिएसनले सरकारी तथा नीजि क्षेत्रमा कार्यरत इन्जिनियर समुदायको पेशागत उन्नयन तथा विकासका लागि निरन्तर रुपमा सकारात्मक पहल गर्दै आइरहेको छ । एशोसिएसनको उद्देश्य अनुरुप गैरसरकारी क्षेत्रमा कार्यरत इन्जिनियरहरुको न्यूनतम पारिश्रमिक निर्धारण गरिनु पर्दछ भन्ने विषयमा विगतमा भएका प्रयासहरुकै निरन्तरता अन्तरगत यो मुद्दालाई निस्कर्षमा पुऱ्याई कार्यान्वयनमा लैजान ने.ई.ए. ३३ औं केन्द्रीय कार्यकारिणी समितिले प्राथमिकताका साथ एजेण्डाका रुपमा ग्रहण गरी कार्यान्वयनमा लैजाने हेतुले नीजि क्षेत्रमा कार्यरत इन्जिनियरहरको न्यूनतम पारिश्रमिक निर्धारणका सम्बन्धमा अवधारणापत्र तयार गरी प्रस्ताव पेश गर्न कार्यदलको गठन गरियो ।

**उद्देश्य:**
मुलुकको समृद्धि र विकासका लागी सरकारी तथा नीजि क्षेत्रमा कार्यरत इन्जिनियरहरुले आ-आफ्नो स्थानबाट बराबरी योगदान पुऱ्याइरहेका छन् तथापी सरकारी सुविधाको तुलनामा नीजि क्षेत्रमा काम गर्ने इन्जिनियरहरुको सेवा सुविधाको अवस्था हेर्दा संस्था पिच्छे फरक-फरक रहेको र धेरै संस्थाहरुको तुलनात्मक अध्ययन गर्दा इन्जिनियरको पारिश्रमिकमा निकै असमानता भेटिएको कार्यदलको सर्भेक्षणले देखाएको छ । नेपालको संविधान २०७२ को मौलिक हक संबन्धी धारा ३४ मा "प्रत्येक श्रमीकलाई उचित पारिश्रमिक सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ" भन्ने व्यवस्था गरेको छ । नेपाल सरकारले जसरी नीजि क्षेत्रमा काम गर्ने पत्रकार तथा डाक्टर लगायत अन्य पेशाकर्मीहरुको न्यूनतम पारिश्रमिक निर्धारणका संबन्धमा नीतिगत व्यवस्था गरेको छ सोही अनुरुप इन्जिनियरहरुको पनि उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनुपर्दछ भन्ने मूलभूत उद्देश्य हो ।

**नेपालमा नीजि तथा गैरसरकारी क्षेत्रमा कार्यरत इन्जिनियरहरुको अवस्था :**
नेपालमा नीजि तथा सरकारी गरी हाल ४८ वटा ईन्जिनियरिङ कलेजहरु संचालनमा रहेका छन् भने विभिन्न विधा गरी गरिब ८००० (आठ हजार) इन्जिनियरहरु वर्षेनी उत्पादन हुने नेपाल इन्जिनियरिङ परिपद्को २०७९ चैत मसान्त सम्मको अभिलेखबाट देखिन्छ । ठूलो संख्यामा डिग्री प्राप्त ईन्जिनियरहरु सिमित मात्रामा खोलिएको विज्ञापन मार्फत निजामती तथा सरकारी संस्थानहरुमा प्रतिप्रर्धा मार्फत रोजगारीमा जाने गरेको देखिन्छ भने केही विदेश पलायन हुने, केहीले आफै व्यवसाय संचालन गरी बस्ने र अधिकांश इन्जिनियरहरु विभिन्न नीजि तथा गैरसरकारी क्षेत्रमा काम गरिरहेको विद्यमान अवस्था छ । यसरी नीजि क्षेत्रमा रोजगारीमा लागेका इन्जिनियरहरुको न्यूनतम पारिश्रमिक निर्धारणको कुनै मापदण्ड रहेको पाइदैन् र आफ्नो जिविको पार्जनको सिलसिलामा संवन्धित संस्थामा निःशर्त रुपमा इन्जिनियरहरुलाई काममा लगाउने गरिएको हामीले पाएका छौं । पारिश्रमिक तथा सेवा सुविधा संबन्धि नेपाली बजारमा देखिएको असमानतालाई चिर्नको लागी सरकारी तथा नीजि दुवै क्षेत्रमा काम गर्ने प्राविधिक जनशक्तिको न्यूनतम पारिश्रमिकको विषयमा राज्य स्तरबाटै एउटा स्पष्ट नीति तय हुनु पर्दछ ।

राजनैतिक रुपान्तरण र संस्थागत प्रकृयाले एउटा दिशा र स्वरुप लिई सकेको अहिलेको स्थितिमा मुलुकभित्रका बैदेशिक बहुराष्ट्रिय कम्पनी, विकास आयोजना, सूचना प्रविधी, उद्योग, निर्माण व्यवसाय, परामर्श सेवा, व्यापारिक घराना, अस्पताल, वित्तिय संस्था, पर्यटन तथा शिक्षा क्षेत्र लगायतका विभिन्न संस्थाहरुमा रोजगारीमा क्रियाशील

रहेका सम्पूर्ण इन्जिनियरहरुले सरकारी इन्जिनियर सरह नै राष्ट्रका लागि आ-आफ्नो स्थानबाट उत्तिकै योगदान गरिरहेका छन् र योगदानका लागी सदैव तत्पर छन् । यस तर्फ सरकारको ध्यान जान जरुरी छ । नेपालमा निजामती तथा सरकार मातहत रहेका विभिन्न संस्थानहरुमा कार्यरत इन्जिनियरहरुको न्यूतनम पारिश्रमिक (Basic Salary) तोकिए जस्तै नीजि तथा गैरसरकारी क्षेत्रमा काम गर्ने इन्जिनियरहरुको पारिश्रमिक तोक्ने मापदण्ड तय हुनु अपरिहार्य छ ।

सरकारी निकायमा कार्यरत र नीजि क्षेत्रमा कार्यरत इन्जिनियरहरुको पारिश्रमिक तथा सेवा सुविधाहरुमा थुप्रै असमानता एवं विभेदहरु छन् । यस्तो असमानतालाई व्यवस्थित गरी नीतिगत रुपमा सम्बोधन गर्ने गराउने दायित्व सरकारको हो । प्रशस्त रोजगारीको सृजना गरेर नेपाली श्रम बजारमा व्याप्त असमान पारिश्रमिक तथा सेवा सुविधालाई छुट्टै कानूनको निर्माणद्वारा संस्थागत गर्न हाम्रो जस्तो समाजवाद उन्मुख लोककल्याणकारी राज्यको अहं भूमिका हुनुपर्दछ, तर यो विपयमा राज्यको ध्यान गएको छैन् । इन्जिनियरहरु विकास निर्माणका संबाहक हुन, परिवर्तन र सुशासनका कट्टर हिमायती पनि हुन । इन्जिनियर वर्गले आफ्नो सम्मानजनक भूमिका खोजिरहेको वर्तमान स्थितिमा इन्जिनियर समुदायलाई संस्थागत रुपमा उचित महत्व र सम्मानजनक भूमिका दिनै पर्दछ अन्यथा मुलुकको द्रुतत्तर पूर्वाधार विकास हुन सक्दैन पूर्वाधार विकास विना देश समृद्ध बन्न सक्दैन । यसको शुरु सर्त भनेको इन्जिनियरलाई निजको योग्यता अनुरुपको काम र काम गरेबापत पाउने उचित पारिश्रमिक तथा अन्य सामाजिक सुरक्षा लगायतका विपयहरु हुन जुन कुराको समुचित व्यवस्थापन गर्ने दायित्व सरकारको हो राज्यको हो । उच्च मनोवलका साथ एउटा इन्जिनियरले समाज र राष्ट्रप्रति आफ्नो पेशागत आदर्श र निष्ठाका साथ पुरा गर्नुपर्ने जिम्मेवारीका बारेमा सदैव सजग र प्रतिबद्ध रहने वातावरण बन्न सकेमा मात्र देश समृद्ध बन्न सक्छ ।

तसर्थ सार्क मूलुक लगायत अन्तराष्ट्रिय प्रचलन समेतलाई मध्यनजर गर्दै ईन्जिनियर जस्तो दक्ष प्राविधिक जनशक्तिको समुचित परिचालन तथा व्यवस्थापनबाट मुलुकको विकास गर्न र प्राविधिक जनशक्ति विदेश पलायन हुने विद्यमान अवस्थालाई केही हदसम्म भएपनि न्यूनिकरण गर्नको लागि नीतिगत एवं संस्थागत रुपमा नीजि तथा गैर सरकारी क्षेत्रमा कार्य गर्ने इन्जिनियर/आर्किटेक्टहरुको न्यूनतम पारिश्रमिक तोकिनु पर्दछ भन्ने तर्क स्वभाविक रहेको छ । देशभित्र नीजि क्षेत्रमा कार्यरत इन्जिनियरहरुको न्यूनतम पारिश्रमिकमा एकरुपता रहेको पाँइदैन । इन्जिनियरिङ विपय जस्तो मानब जीवनसँग दैनिक प्रत्यक्ष सरोकार राख्ने अति संवेदनशील विपयलाई राज्यले महत्व दिनु पर्दछ र समाजमा इन्जिनियरको भूमिका मुखरित गर्न राज्यस्तरबाटै सम्बोधन हुन सकेमा मात्र समुन्नत राष्ट्रको परिकल्पना साकार हुन सक्छ ।

**प्रस्ताब तथा निष्कर्ष:**
तसर्थ यो विपयलाई तार्किक निष्कर्पमा पुऱ्याउन नेपाल इन्जिनियर्स एशोसिएसन ३३ औं केन्द्रीय कार्यकारिणी समितिद्वारा गठित न्यूनतम पारिश्रमिक निर्धारण कार्यदलले नीजि क्षेत्रसँग सम्बन्धित उद्योग व्यवसाय, परामर्श सेवा, प्राज्ञिक क्षेत्र, निर्माण उद्योग, सूचना प्रविधि क्षेत्र लगायतका सरोकारवाला निकायसँग चरणवद्ध छलफल गऱ्यो । कार्यदलको विभिन्न बैठकमा घनीभूत वहस तथा छलफल समेत गरियो । न्यूनतम पारिश्रमिक निर्धारणको मुद्दालाई अझ बढि अध्ययन तथा विश्लेषणका लागि Online Survey मार्फत सुझावहरु समेत माग गरिएको थियो । सरोकारवाला पक्षसँग संयुक्त छलफल तथा Online Survey मार्फत प्राप्त सुझाव बमोजिम कार्यदलले अन्तिम निष्कर्ष निकालेको छ । नेपाल सरकार निजामति सेवा तथा सरकारको स्वामित्व रहेका अन्य विभिन्न संस्थानहरुमा कार्यरत इन्जिनियर लगायत प्राविधिक जनशक्तिको सेवा प्रवेशसँगै शुरु तलब स्केल निर्धारण गरिएको छ र अनुभव, कार्यक्षमता एवं दक्षताको आधारमा पदसोपान भई वृत्ति विकासको आधारमा सोही अनुरुपको पारिश्रमिक एवं अन्य थप सुविधाहरु समेत वृद्धि हुने संवन्धित ऐन तथा नियमहरुमा स्पष्ट व्यवस्था गरिएको छ । एउटै समुदाय, समान किसिमको अध्ययन र योग्यता प्राप्त नीजि तथा गैर सरकारी क्षेत्रमा कार्यरत इन्जिनियरहरुको हकमा पारिश्रमीक, सेवा सुविधा लगायतका विषय उपर देशमा कुनै मापदण्ड छैन् । राज्य मातहतमै पर्ने नीजि क्षेत्रको नियमकारी निकाय पनि राज्य नै हो तसर्थ यो विपयलाई मनन गर्दै नेपाल इन्जिनियर्स एशोसिएसन ३३ औं कार्यकारिणी समितिद्धारा गठित न्यूनतम पारिश्रमीक निर्धारण संबन्धि कार्यदलले नीजि क्षेत्रमा कार्यरत इन्जिनियर/आर्किटेक्टहरुको शुरु तलब स्केल र त्यसपछिको तलब एवं सुविधा देहाय बमोजिमको हुनुपर्ने निष्कर्ष सहित यो प्रस्ताव पेश गरेका छौं ।

२

| सरकारी निकायमा इन्जिनियरको Basic Salary | तह | नीजि क्षेत्रमा कार्यरत ईन्जिनियरको हुनुपर्ने Basic Salary |
|---|---|---|
| रु.४३६८८।- | रा.प. तृतिय (अधिकृत स्तर) | रु.३७१३५।- |
| रु. ३४७३०।- | रा.प अनङ्कित प्रथम (ना.सु. स्तर) | |
| तह बढुवा भएसँगै संबन्धित ऐन तथा नियममा व्यवस्था भए अनुरुप तलब तथा अन्य सेवा सुविधाहरुको व्यवस्था रहेको | कार्यअनुभव तथा विषय विज्ञताको आधारमा न्यूनतम मासीक तलब | |
| | | नेपाल सरकारको नियमानुसार पारिश्रमिकको कार्य क्षमता, अनुभवको आधारमा मूल्यांकन, बढुवा ग्रेड फिल्डको अनुसार वृद्धि गर्दै जानुपर्ने, बिमा सुरक्षा, महगी भत्ता तथा अन्य सेवा सुविधा वार्षिक रुपमा पठाउनुपर्ने देखिन्छ। |

**न्यूनतम पारिश्रमीक निर्धारण तथा बृद्धिको आधारः**

(क) सरकारी सेवामा कार्यरत इन्जिनियर/आर्किटेक्टहरुले खाइपाइ आएको मासिक जम्मा तलबलाई मुख्य आधारमानी सो को ८५ प्रतिशतले नघट्ने गरी नीजि क्षेत्रमा कार्यरत इन्जिनियर/आर्किटेक्टहरुको न्यूनतम तलब तोकिनु पर्ने ।

(ख) सरकारी सेवामा क्रमशः तलब बृद्धि हुँदै जाँदा नीजि क्षेत्रमा पनि सोही आधारमा समयानुकूल समायोजन तथा बृद्धि हुँदै जाने नीतिगत व्यवस्था हुनु पर्ने ।

**रोजगारीका शर्तहरुः**

(क) नेपाल इन्जिनियरिङ परिषद्को दर्तावाल इन्जिनियर/आर्किटेक्ट हुनुपर्ने ।

(ख) दुई पक्षिय सम्झौता गर्नुपर्ने र सम्झौतामा इन्जिनियर पद खुलाएको हुनुपर्ने ।

(ग) श्रम ऐन तथा नेपालको प्रचलित कानून बमोजिमका प्रावधानहरु लागू हुनुपर्ने ।

उपरोक्त आधार तथा रोजगारीका शर्तहरुलाई राज्यको तर्फबाट उचित सम्बोधन गरी लागू गराउन नेपाल इन्जिनियर्स एशोसिएसनलाई आवश्यक पहलका लागि कार्यदलको तर्फबाट अनुरोध गर्दै कार्यदलद्वारा प्रस्तावित न्यूनतम पारिश्रमिक संबन्धी उपरोक्त प्रस्तावलाई संस्थागत गर्न नेपाल ईन्जिनियर्स एशोसिएसन ३३ औं कार्यकारिणी समिति समक्ष यो अवधारणा पत्र सहित प्रस्तावना पेश गरेका छौं

धन्यवाद ।

**इन्जिनियर/आर्किटेक्टहरुको न्यूनतम वेतन निर्धारण संबन्धी कार्यदल**

संयोजक इ. धर्मेन्द्र झा

सदस्य इ. अनुपम पराजुली

सदस्य इ. खुम बहादुर भण्डारी

सदस्य इ. संजय पाण्डे

सदस्य इ. रविन्द्र सुवाल

सदस्य इ. गजाधर सिवाकोटी

सदस्य इ. कुल भुषण शेखर शर्मा

सदस्य इ. राज कुमार अधिकारी

सदस्य इ. समिर पोखेल

सदस्य सचिव इ. सरोज धिताल

मितिः २०८०।०८।१५